जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक १५ २०८३ साल साउन १८ गते सोमबार (3 Aug 2026 Monday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा :निम्स दाइको अदम्य साहस.. ३ पृष्ठमा : सेनाद्वारा ३२ सडक आयोजना... ३ पृष्ठमा : गाजामा रातभरको इजरायली ...

# एक घण्टाको फरकमा निकालियो बृहत सद्भाव र शोक र्‍याली







पेशागत संजालको अगुवाईमा आइतबार राजविराजमा निकालिएको बृहत सद्भाव र्‍याली तथा हिन्दु सनातनी समाज सप्तरीको अगुवाईमा निकालिएको शोक र्‍याली । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

सप्तरी सदरमुकाम राजबिराजमा आईतवार बिहान एक घण्टाको फरकमा दुई पक्षद्वारा र्‍याली निकालिएको छ ।

कर्फ्यु खुकुलो पारिएको बेला बिहान ९ बजे एक दर्जन बढी संघसंस्था आबद्ध रहेको शान्ति र लोकतन्त्रका लागि पेशागत संजाल (पापड) सप्तरीले स्थानिय शिवमन्दिरबाट बृहत् सद्भाव र्‍याली निकालेका छ भने बिहान १० बजे हिन्दु सनातनी समाज सप्तरीले राममन्दिरबाट शोक र्‍याली निकालेका छन् ।

सुनसरी र सिरहामा भएको हिंसात्मक घटनापछि फैलिएको तनावलाई लिएर सप्तरी प्रशासनले बिगत तीन दिनदेखि नगर क्षेत्रमा कर्फयु आदेश जारी गर्दै आएको थियो ।

आईतवार बिहान ११ बजेसम्म उपभोक्तालाई किनमेलका लागि सहज होस, भन्ने मनसायले कर्फयु खुकुलो बनाईएको समयमा र्‍याली आयोजक दुवै पक्षले स्थानिय प्रशासनबाट अनुमति लिई कडा सुरक्षा बिच र्‍याली निकालेको प्रहरी प्रशासनको भनाई छ ।

बृहत् सद्भाव र्‍यालीमा प्रतिनिधिसभा सदस्य डा अंकिता ठाकुर, जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साह, राजबिराज नगरपालिकाका कावा नगरप्रमुख ईसरत परविनका साथै हिन्दु-मुस्लिम समुदायका अगुवा, राजनीतिक दल, विभिन्न सँघसंस्थाका प्रतिनिधि, कानुन ब्यबसायी, अधिकारकर्मी, संचारकर्मी तथा नागरिक समाजको उल्लेख्य सहभागिता थियो ।

सद्भाव र्‍याली नगरपरिक्रममा गरिरहदाँ सडक किनारमा उभिएका सर्वसधारणले ताली बजाएर स्वागत गरेका थिए ।

उक्त र्‍याली सके लगतै हिन्दुवादी संगठन हिन्दु सनातनी समाज सप्तरीको अगुवाईमा शोक र्‍याली निकालिएको थियो ।

सुनसरी र सिरहामा ज्यान गुमाएका तीन जनाको चित्र अंकित ब्यानर राखेर निकालिएको र्‍यालीका सहभागीहरूले नगरपरिक्रमाको क्रममा घटनाको दोषीलाई कार्यवाही गर, हिन्दु राष्ट्र कायम गर, मुस्लिम आयोग खारेज गर लगायतका नारावाजी गरेका थिए ।

# राजविराज र बोदेबरसाइन नगरपालिकामा जारी कर्फ्यु हटाएर निषेधाज्ञा लागू




**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले राजविराज नगरपालिका र बोदेबरसाइन नगरपालिकामा जारी कर्फ्यु हटाएर निषेधाज्ञा लागू गरेको छ ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाद्वारा जारी सूचना अनुसार जिल्ला सुरक्षा समितिको आइतबारको बैठकबाट उक्त स्थानमा निषेधाज्ञा जारी गर्ने निर्णय भएको हो ।

दुवै नगरपालिकामा पाँच जनाभन्दा बढी व्यक्ति भेला हुन, सभा, जुलुस, धर्ना तथा प्रदर्शन गर्न नपाइने गरी अर्को आदेश नभएसम्म निषेधाज्ञा लागू गरिएको जनाइएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३क) बमोजिम जारी गरिएको निषेधाज्ञा उल्लङ्घन नगर्न प्रशासनले सर्वसाधारणलाई आग्रह गरेको छ ।

सूचनाअनुसार राजविराज नगरपालिकामा पूर्वतर्फ खाँडो खोला, पश्चिमतर्फ हुलाकी राजमार्गको जमुनी थलही, उत्तरतर्फ रुपनी रोडको बसबिट्टी चोक र दक्षिणतर्फ कोशी पश्चिम मूल नहरसम्मको क्षेत्र निषेधाज्ञा क्षेत्र तोकिएको छ ।

त्यस्तै, बोदेबरसाइन नगरपालिकामा पूर्वतर्फ हुलाकी राजमार्गको खडक पुल, पश्चिमतर्फ प्रितमपुर चोक, उत्तरतर्फ नेगडा चोक र दक्षिणतर्फ मानराजा चोकसम्मको क्षेत्रमा निषेधाज्ञा लागू गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयले जिल्लामा शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न सर्वसाधारणलाई संयमित रहन तथा प्रशासनको निर्णयमा सहयोग गर्न आग्रह गर्दै निषेधाज्ञा अर्को आदेश जारी नभएसम्म कायम रहने उल्लेख छ ।

# हुलाकी राजमार्ग निर्माण अन्तिम चरणमा, २४ पुल सम्पन्न

जनकपुरधाम,१७ साउन (रासस) ।

मधेस प्रदेशको विकासको मेरुदण्ड मानिएको हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्मको निर्माण अन्तिम चरणमा पुगेको छ । यस खण्डमा २४ वटा पुल निर्माण भइसकेका छन् भने ९०

*बाँकी अन्तिम पृष्ठमा*

**विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### व्रत-आस्था, अनुशासन र सामाजिक सद्भावको सन्देश

साउन महिना हिन्दू धर्मावलम्बीका लागि विशेष आस्था, श्रद्धा र आध्यात्मिक साधनाको महिना मानिन्छ। यस महिनाभर भगवान शिवको पूजा-आराधना, सोमबारको व्रत, हरितालिका तीजको तयारी तथा विभिन्न धार्मिक अनुष्ठानहरू गरिन्छ। विशेषगरी महिलाहरूले परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्दै व्रत बस्ने परम्परा रहिआएको छ भने पुरुषहरू पनि शिवभक्तिका माध्यमबाट आध्यात्मिक जीवनप्रति समर्पित हुने गर्छन्। व्रतको वास्तविक अर्थ केवल भोजन त्याग गर्नु मात्र होइन। यसले आत्मसंयम, अनुशासन, सकारात्मक सोच, नैतिक आचरण र आध्यात्मिक चेतनाको विकास गर्न प्रेरित गर्छ। साउनका व्रतहरूले मानिसलाई लोभ, क्रोध, हिंसा र विकृतिबाट टाढा रहँदै सत्य, करुणा, सहिष्णुता र सदाचारको मार्गमा हिँड्न सन्देश दिन्छन्। यही कारणले धार्मिक परम्पराले समाजमा नैतिक मूल्य र सामाजिक सद्भाव कायम राख्न महत्वपूर्ण भूमिका खेलेको छ।

तर पछिल्ला वर्षहरूमा धार्मिक आस्थाभन्दा देखावटीपन, अनावश्यक खर्च र सामाजिक प्रतिस्पर्धाले पनि स्थान लिन थालेको देखिन्छ। व्रत र पूजाआजालाई प्रदर्शनको माध्यम बनाउनु यसको मूल उद्देश्यसँग मेल खाँदैन। धार्मिक विश्वासलाई सरल, मर्यादित र सभ्य ढङ्गले पालन गर्नु नै यसको वास्तविक सार हो।

धर्मले मानिसलाई विभाजन होइन, एकता, सहिष्णुता र मानवताको मार्ग सिकाउँछ। त्यसैले साउन महिनाका व्रतहरूलाई केवल धार्मिक कर्मकाण्डमा सीमित नराखी आत्मअनुशासन, सेवा, परोपकार र सामाजिक सद्भाव प्रवर्द्धन गर्ने अवसरका रूपमा ग्रहण गर्नुपर्छ। तसर्थ साउनको पवित्र महिनाले सबैमा शान्ति, सद्भाव, नैतिकता र सकारात्मक सोचको विकास होस्। यही भावनासहित धार्मिक आस्थाको सम्मान गर्दै समाजलाई सभ्य, सहिष्णु र जिम्मेवार बनाउने संस्कृतिको संरक्षण गर्नु आजको आवश्यकता हो।


### बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : राजविराज दैनिक


# 'निम्स दाइको अदम्य साहस र समर्पण इतिहासमा सधैं अमर रहनेछ'

**सिबी अधिकारी**

काठमाडौं, १७ साउन (रासस)। पाकिस्तानको काराकोरम पर्वत शृङ्खलामा अवस्थित ८,०५१ मिटर अग्लो ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी विश्वप्रसिद्ध नेपाली पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ'सहित १० जना आरोहीको निधन भएपछि नेपाल शोकमा डुबेको छ। विश्व पर्वतारोहण इतिहासमा असम्भवलाई सम्भव बनाउने साहसी आरोहीका रूपमा स्थापित निम्स दाइको असामयिक निधनले नेपालमात्र नभई अन्तरराष्ट्रिय पर्वतारोहण समुदाय, साहसिक पर्यटन क्षेत्र तथा उहाँका लाखौं समर्थकलाई स्तब्ध बनाएको छ।

देशका कार्यकारी प्रधानमन्त्रीदेखि विभिन्न राजनीतिक दलका शीर्षनेता, पर्यटन क्षेत्रका अगुवा, पर्वतारोही, विदेशी शुभेच्छुक तथा अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले निम्स दाइप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँको साहस, समर्पण र नेपालको अन्तरराष्ट्रिय पहिचान निर्माणमा पुर्‍याएको योगदानको उच्च प्रशंसा गरेका छन्।

**प्रधानमन्त्रीको श्रद्धाञ्जली: 'इतिहासमा सधैं जीवित रहनेछन्'**

प्रधानमन्त्री वालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत समवेदना व्यक्त गर्दै भन्नुभएको छ, निर्मल पुर्जासहित दिवङ्गत सबै आरोहीहरूको भौतिक यात्रा समाप्त भए पनि उनीहरूको साहस, समर्पण र योगदान इतिहासमा सधैं प्रेरणाको स्रोतका रूपमा जीवित रहनेछ।

उहाँले लेख्नुभएको छ, "आरोहण केवल शिखर चुम्ने यात्रा होइन, यो साहस, अनुशासन, त्याग र मानवीय सीमालाई चुनौती दिने अदम्य आत्मविश्वासको सर्वोच्च अभिव्यक्ति हो। हिमालले धेरैलाई शिखरको गौरव दिन्छ, कहिलेकाहीं आफ्नै काखमा सधैंका लागि समेटेर पनि राख्छ। तर हिमाल आरोहीहरू आफ्नो साहस र समर्पणका कारण इतिहासमा सधैं अमर रहन्छन्।"

प्रधानमन्त्री शाहले ब्रोड पिक दुर्घटनामा निधन भएका सम्पूर्ण आरोहीहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्नुभएको छ।

**राजनीतिक नेतृत्वको श्रद्धाञ्जली**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले निम्स दाइसँगको व्यक्तिगत सम्बन्ध स्मरण गर्दै भावुक सन्देश सार्वजनिक गर्नुभएको छ। उहाँले लेख्नुभएको छ, "प्रिय निम्स, फर्किएर भेट्ने वाचा थियो। तर तिमी नफर्किने बाटो गएछौ। अब त केवल सम्झनाहरूमात्र बाँकी छन्। तिम्रो अनुपस्थितिले मन भारी भएको छ। तर तिमी र तिम्रो अदम्य साहस सम्झनाका रूपमा अनन्तसम्म बाँचिरहनेछ। जहाँ भए पनि, चिरशान्तिमा रहनू।"

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पनि निम्स दाइ कठिन परिस्थितिबाट पनि फर्कने व्यक्तित्व भएकाले अन्तिम क्षणसम्म आफू आशावादी रहेको उल्लेख गर्नुभएको छ। उहाँले निम्स दाइसँग 'प्रोजेक्ट पसिबल' सुरु हुनुअघि नै भेट भएको स्मरण गर्दै लेख्नुभएको छ, "संसारले तपाईंलाई चिन्नुअघि नै तपाईंभित्रको आत्मविश्वास र साहस देखेको थिएँ। तपाईं फेरि फर्कनुहुन्छ भन्ने विश्वास अन्तिम क्षणसम्म थियो।"

**पर्यटन क्षेत्रको अपूरणीय क्षति**

नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले निम्स दाइलाई 'हिमाल जित्ने मानिसमात्र होइन, सपना जगाउने मित्र'का रूपमा स्मरण गर्नुभएको छ।

उहाँका अनुसार निम्स दाइको लक्ष्य व्यक्तिगत कीर्तिमान कायम गर्नुमात्र थिएन। उहाँ सुरक्षित, व्यवस्थित र सम्मानजनक पर्वतारोहण संस्कृति निर्माण गर्न, नेपाली गाइड तथा पर्वतारोहीलाई अन्तरराष्ट्रिय ब्रान्डका रूपमा स्थापित गर्न, वर्षभरि हिमाली पर्यटनलाई सक्रिय बनाउन तथा नेपालको साहसिक पर्यटनलाई विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्न निरन्तर लागिरहनुभएको थियो।

**विश्वभरबाट श्रद्धाञ्जली**

निम्स दाइको निधनसँगै विश्वभरका पर्वतारोही, साहसिक खेलकुदका अभियन्ता, पर्यटनकर्मी तथा उहाँका समर्थकहरूले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली व्यक्त गरिरहेका छन्। अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले पनि उहाँको जीवन, विश्व कीर्तिमान र पर्वतारोहण क्षेत्रमा पुर्‍याएको योगदानलाई विशेष प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गरेका छन्।

विशेषगरी आठ हजार मिटरभन्दा अग्ला सबै १४ हिमाल केवल छ महिना छ दिनमा आरोहण गरेर बनाएको विश्व कीर्तिमानलाई आधुनिक पर्वतारोहण इतिहासकै सबैभन्दा असाधारण उपलब्धिमध्ये एकका रूपमा स्मरण गरिएको छ।

**ब्रोड पिक दुर्घटना**

निर्मल पुर्जा नेतृत्वको १० सदस्यीय आरोही टोली पाकिस्तानको ब्रोड पिक आरोहणका क्रममा करिब छ हजार ७०० मिटरको उचाइमा पुगेपछि हिमपहिरोमा परेको थियो। टोलीमा छ नेपाली र चार विदेशी आरोही सहभागी थिए।

दुर्घटनापछि पाकिस्तानी सेनाको हेलिकप्टर, ड्रोन, स्थानीय उद्धार टोली तथा के-२ क्षेत्रमा रहेका अनुभवी आरोहीहरू परिचालन गरिएका थिए। प्रतिनिधिसभा सदस्य तथा अनुभवी आरोही मिङ्मा डेभिड शेर्पा पनि खोजी अभियानमा सहभागी हुनुभएको थियो। व्यापक खोजीपछि निम्स दाइसहित सम्पूर्ण आरोहीको निधन भएको पुष्टि गरिएको हो।

**को हुन् निम्स दाइ ?**

२५ जुलाई १९८३ मा म्याग्दीको दाना गाउँमा जन्मिएका निर्मल पुर्जाको बाल्यकाल चितवनमा बितेको थियो। बेलायती गोर्खा सैनिकका रूपमा सेवा गरेपछि उहाँ बेलायती रोयल नेभीको स्पेसल बोट सर्भिस (एसबीएस)मा छनोट हुने पहिलो नेपाली बन्नुभयो।

सन् २०१९ मा 'प्रोजेक्ट पसिबल' अभियानमार्फत उहाँले विश्वका आठ हजार मिटरभन्दा अग्ला सबै १४ हिमाल केवल छ महिना छ दिनमा आरोहण गर्दै विश्व कीर्तिमान कायम गर्नुभयो। यसअघि रहेको सात वर्ष पुरानो विश्व कीर्तिमान तोडेर उहाँले नेपाललाई विश्व पर्वतारोहण इतिहासमा नयाँ उचाइमा पुर्‍याउनुभयो।

उहाँले हिमाल आरोहणलाई व्यक्तिगत सफलतामा सीमित नराखी नेपाल, नेपाली पर्वतारोही र साहसिक पर्यटनको विश्वव्यापी प्रवर्द्धनका लागि अभियानकै रूपमा अघि बढाउनुभयो।

**अमर रहनेछ उहाँको योगदान**

निर्मल पुर्जा अब भौतिक रूपमा हाम्रो बीच नरहनु भए पनि उहाँले छाडेर जानुभएको साहस, नेतृत्व, अनुशासन, मानवता र असम्भवलाई सम्भव बनाउने आत्मविश्वास नेपाली समाज र विश्व पर्वतारोहण समुदायका लागि सधैं प्रेरणाको स्रोत रहनेछ। उहाँको जीवनले एउटा सन्देश दिएको छ- सीमाहरू प्रायः हाम्रो मनमा हुन्छन्; दृढ इच्छाशक्ति, कठोर परिश्रम र आत्मविश्वासले असम्भव देखिने लक्ष्य पनि प्राप्त गर्न सकिन्छ।

निम्स दाइको भौतिक शरीर विलीन भएको छ, तर उहाँको अदम्य साहस, समर्पण र योगदान इतिहासमा सधैं अमर रहनेछ। ब्रोड पिक दुर्घटनामा ज्यान गुमाउने सम्पूर्ण आरोहीहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना।

# लागुऔषधसहित विभिन्न स्थानबाट १४ जना पक्राउ

काठमाडौं, १७ साउन (रासस)। नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित १४ जनालाई पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार झापाको कनकाई र दमक, कैलालीको टीकापुर, मोरङ, सुर्खेत तथा दाङका विभिन्न स्थानबाट उनीहरू पक्राउ परेका हुन्।

झापाको कनकाई नगरपालिका-२ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ १०२ ग्राम ३१० मिलिग्राम, चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ट्रामाडोल सात हजार २०० ट्याब्लेट र नाइट्राभेट सात हजार ४५० ट्याब्लेटसहित भारतको बिहार राज्य, अररिया जिल्ला, कुरसाकट्टा-८ छिप्टिया टोलका २७ वर्षीय अफ्तर अन्सारी र कुरसाकट्टा-७ तकियाटोलका २८ वर्षीय मोहम्मद एजवाललाई शनिबार पक्राउ गरिएको हो।

यसैगरी, झापाको दमक नगरपालिका-५ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ एक ग्राम ५२० मिलिग्राम र नियन्त्रित लागुऔषध ट्रामाडोल चार हजार ९६० ट्याब्लेटसहित सुनसरीको इटहरी उपमहानगरपालिका-२० तरहराका ३४ वर्षीय बुद्ध राई, मोरङको मिक्लाजुङ गाउँपालिका-२ की २३ वर्षीया रोमी लिम्बू तथा झापाको दमक नगरपालिका-७ का २९ वर्षीय करण मल्लिक पक्राउ परेका छन्।

कैलालीको टीकापुर नगरपालिका-१ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ ४३० मिलिग्रामसहित सोही ठाउँका २० वर्षीय क्रिस शर्मालाई पक्राउ गरिएको छ। यसैगरी, टीकापुर नगरपालिका-९ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ एक ग्राम ७९० मिलिग्रामसहित टीकापुर नगरपालिका-७ बेलुवाका ३० वर्षीय तेज बुढा पक्राउ परेका छन्।

मोरङको लेटाङ नगरपालिका-२ धोबीकी २७ वर्षीया प्रमिला लामालाई ट्रामाडोल १५० ट्याब्लेट र स्पास्मेन १५० ट्याब्लेटसहित पक्राउ परेका छन्। मोरङको पथरीशनिश्चरे नगरपालिका-१० आदर्श टोलबाट ट्रामाडोल १९ ट्याब्लेट, डाइक्लोमाइन २८ ट्याब्लेट र नगद रु १३ हजार ७७५ सहित पथरीशनिश्चरे नगरपालिका-१ सुन्दर बस्तीका २७ वर्षीय मिका खत्री र २७ वर्षीया कृष्टि भन्ने बन्दना माखिमलाई पक्राउ गरिएको छ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-९ लाटिकोइलीबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ ७२० मिलिग्रामसहित सोही ठाउँका २४ वर्षीय रोहित घिसिङ, सोही नगरपालिका-४ जिरो ड्यामबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ ५०० मिलिग्रामसहित सोही ठाउँका २८ वर्षीय लोकेन्द्रबहादुर रावल तथा वीरेन्द्रनगर नगरपालिका-२ भुरेली गाउँबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ २१० मिलिग्रामसहित सोही ठाउँका ३१ वर्षीय चित्र थापालाई पक्राउ गरिएको छ।

यसैगरी, दाङको घोराही उपमहानगरपालिका-१३ सिजस्वर्ग टोलका १७ वर्षीय किशोरलाई खैरो हेरोइनजस्तो देखिने पदार्थ पाँच ग्राम ११० मिलिग्राम, नगद रु ७४ हजार र एक थान डिजिटल तराजुसहित पक्राउ गरिएको छ।

# सेनाद्वारा ३२ सडक आयोजना सम्पन्न, चौध सय किलोमिटर सडक निर्माण

काठमाडौँ, १७ साउन (रासस)।

नेपाली सेनाले जटिल भूबनोट भएका ३२ सडक आयोजनाका सम्पन्न गरी एक हजार ४११.५४ किलोमिटर सडक निर्माण गरेको छ। सेनाको व्यवस्थापनमा हालसम्म कान्ति लोकमार्ग, कर्णाली राजमार्ग, जाजरकोट-डोल्पा, बेँसीसहर-चामे, कालीगण्डकी करिडोर, कर्णाली करिडोरलगायत आयोजना सम्पन्न भइसकेका छन्।

सरकारले दुर्गम स्थानलाई सडक सञ्जालसँग जोड्ने क्रममा कठिन भौगोलिक बनावट, कडा चट्टानयुक्त भिर तथा निर्माण गर्न कठिन मानिएका सडकखण्डको जिम्मा सेनालाई प्रदान गर्दै आएको छ। सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेत सीमित स्रोतसाधन, प्रतिकूल मौसम तथा जटिल भूबनावटको बाबजुद सेनाले यस्ता राष्ट्रिय गौरव तथा प्राथमिकताका सडक आयोजना सफलतापूर्वक कार्यान्वयन गर्नुका साथै वार्षिक 'माइलस्टोन' शतप्रतिशत पूरा गर्दै राष्ट्र निर्माणमा उल्लेखनीय योगदान पुर्‍याइरहेको बताउनुहुन्छ।

पूर्वी नेपालको रणनीतिक महत्वको खाँदबारी-किमाथाङ्का (च्याम्ताङ्ग-घोड्घप्पा) सडक आयोजनाअन्तर्गत सेनाले १०.५१ किलोमिटर सडक निर्माण सम्पन्न गरी गत वैशाख २८ गते सडक विभागलाई हस्तान्तरण गरेको छ। यस आयोजनाले किमाथाङ्का क्षेत्रमा स्थानीय विकास तथा भविष्यमा व्यापारिक गतिविधि प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको छ।

हाल सेनाले मुख्यगरी कर्णाली करिडोर, दार्चुला-टिङ्कर र बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ गरी तीन सडकमार्ग निर्माण गरिरहेको छ। महाकाली करिडोरअन्तर्गत दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर) सडक आयोजना क्षेत्रमा ७९ किलोमिटर सडक निर्माणको कार्य हुँदै आएको छ।

अत्यन्त कठिन हिमाली भूभाग, कडा चट्टानयुक्त भिर तथा प्रतिकूल मौसमका बाबजुद १९.८० किलोमिटर सडक निर्माण गरी आर्थिक वर्ष २०८२/८३ को शतप्रतिशत कार्य सम्पन्न भएको सेनाले जनाएको छ। हालसम्म उक्त आयोजनाको भौतिक प्रगति २५.०६ प्रतिशत छ।

बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक आयोजनाले मनास्लु संरक्षण क्षेत्रभित्र पर्ने ९२ किलोमिटर जिम्मेवारी क्षेत्रमध्ये हावाडाँडा-दोभान सडक खण्ड (१८ किमी) निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिसकेको छ। आव २०८२/८३ सम्म सो आयोजनाको ४०.८ किमी (४४.३५ प्रतिशत) भौतिक प्रगति हासिल भएको छ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कर्णाली करिडोर सेनाले निर्माण गरिरहेको प्रमुख सडक आयोजना हो। हुम्लाको हिल्सादेखि बाँकेको जमुनाहासम्म फैलिएको ६८२ किलोमिटर लामो सो करिडोरअन्तर्गत लालीबगर-दुल्लिकुन्ना तथा घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला गरी २२.०५ किलोमिटर सडक सेनाले निर्माण गर्दै आएको छ।

लालीबगर-दुल्लिकुन्ना खण्डको ट्र्याक निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिसकिएको छ। घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्डमा निर्माण जारी छ। आव २०८२/८३ सम्म १९ किलोमिटर सडक निर्माण गरी शतप्रतिशत कार्य सम्पन्न गरेको छ।

समग्रमा हालसम्म उक्त आयोजनाको भौतिक प्रगति ८६.१७ प्रतिशत हासिल भएको छ। कर्णाली करिडोरले राष्ट्रिय सडक सञ्जालसँग हुम्लालाई जोड्नका लागि नेपाली सेनाले हिल्सा-सिमकोट सडकखण्डको खार्पुनाथ गाउँपालिका-५ स्थित चुवाखोलामा गत आसार २२ गते बेलिब्रिज जडान गरेको थियो। त्यसबाट कर्णालीको हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्दै राष्ट्रको आर्थिक तथा सामरिक महत्वलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको सेनाले जनाएको छ।

संविधानप्रदत्त जिम्मेवारी निर्वाह गर्ने सिलसिलामा सेनाले राष्ट्रिय गौरव तथा प्राथमिकता र दुर्गम स्थानलाई सडक सञ्जालसँग जोड्ने आयोजनामा नयाँ ट्र्याक निर्माण, ट्र्याक स्तरोन्नति, आवश्यक पूर्वाधार निर्माण तथा सम्बन्धित निकायलाई हस्तान्तरणसम्मका कार्य निर्धारित मापदण्डअनुसार सञ्चालन गर्दै आएको छ।

ती आयोजनाको मूल उद्देश्य दुर्गम तथा रणनीतिक महत्वका सडकखण्ड निर्माण गरी राष्ट्रिय सडक सञ्जाल विस्तार गर्नु तथा सामाजिक, आर्थिक विकास र राष्ट्रिय सुरक्षालाई दीर्घकालीन रूपमा सुदृढ बनाउनु हो। दुर्गम क्षेत्रलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्नुका साथै आर्थिक, सामाजिक, सामरिक तथा रणनीतिक दृष्टिले राष्ट्रलाई दीर्घकालीन लाभ पुर्‍याएको सेनाले जनाएको छ।

उपलब्ध स्रोतसाधनको उच्चतम् उपयोग गर्दै कठिन र चुनौतीपूर्ण भूभागमा समेत विकास निर्माणको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी राष्ट्रले सुम्पेको अभिभारा निर्वाह गर्दै आएको सेनाले जनाएको छ।

विशेषगरी सामरिक महत्वका सडकले हिमाली, पहाडी र तराई क्षेत्रलाई जोड्नुका साथै पहुँच विस्तार गरी व्यापार, पर्यटन, विपद् व्यवस्थापन तथा स्थानीय आर्थिक गतिविधिलाई प्रवर्द्धन गर्ने आधार तयार गर्ने सेनाको विश्वास छ। नेपालको दिगो आर्थिक विकास, पहुँच विस्तार तथा राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउने आधारभूत पूर्वाधारमध्ये सडक सञ्जालको विशेष महत्व रहेको छ।

# इरान युद्ध अन्त्यका लागि सम्झौताको खाका तयार भएको ट्रम्पको दाबी

वासिङ्टन, १७ साउन (रासस/एपी)।

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वका सहयोगी मुलुकहरू इरानसँगको युद्ध अन्त्य गर्ने सम्झौताको प्रारम्भिक रूपरेखामा सहमत भएको दाबी गर्दै तत्कालका लागि नयाँ सैन्य आक्रमण नगर्ने सङ्केत दिनुभएको छ।

शनिबार सामाजिक सञ्जालमार्फत ट्रम्पले प्रस्तावित सम्झौतामा 'स्ट्रेट अफ होर्मुज'लाई पूर्ण रूपमा खुला राख्ने र इरानको आणविक खतरा अन्त्य गर्ने विषय समावेश हुने बताउनुभएको छ।

"यदि छिट्टै सम्झौता हुने अवस्था बन्यो भने विश्वको भविष्य र समृद्ध इरानका लागि आक्रमण रद्द गर्न म सहमत छु," ट्रम्पले लेख्नुभएको छ।

उहाँका अनुसार इजरायलले पनि युद्ध अन्त्यका लागि इरानसँग सम्झौता गर्ने अमेरिकी प्रयासलाई समर्थन गरेको छ। यद्यपि, ट्रम्पको घोषणाप्रति इरानले तत्काल कुनै प्रतिक्रिया जनाएको छैन।

पाँच महिनादेखि जारी द्वन्द्वमा यो पछिल्लो अप्रत्याशित मोड हो। एक दिनअघि मात्र ट्रम्पले इरानलाई वार्तामा आउन बाध्य पार्न पुनः व्यापक सैन्य आक्रमणको तयारी भइरहेको सङ्केत दिनुभएको थियो।

अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानविरुद्ध सैन्य कारबाही सुरु गरेका थिए। ट्रम्पले त्यसबेला इरानको क्षेप्यास्त्र क्षमता नष्ट गर्ने, आणविक हतियार विकास रोक्ने तथा इरान समर्थित सशस्त्र समूहलाई दिइने समर्थन अन्त्य गर्ने उद्देश्य रहेको बताउनुभएको थियो। यद्यपि, युद्धका उद्देश्य र रणनीति समयक्रममा परिवर्तन हुँदै आएका छन्।

जुनको मध्यतिर भएको अन्तरिम युद्धविरामपछि स्थायी सम्झौताको अपेक्षा गरिएको थियो। तर, 'स्ट्रेट अफ होर्मुज'मा जहाजहरूमाथि पुनः आक्रमण भएपछि केही सातामै युद्धविराम भङ्ग भएको थियो।

**साउदी अरबको चिन्ता**

ट्रम्पको घोषणा साउदी युवराज मोहम्मद बिन सलमानसँग भएको टेलिफोन वार्तापछि आएको हो। छलफलको जानकारी राख्ने स्रोतका अनुसार युवराजले अमेरिका-इरान द्वन्द्व थप चर्किन सक्ने सम्भावनाप्रति चिन्ता व्यक्त गर्नुभएको थियो।

स्रोतका अनुसार, यदि अमेरिकाले इरानको ऊर्जा पूर्वाधार, पुल वा विद्युत् केन्द्रहरूमा ठूलो आक्रमण गर्‍यो भने त्यसको जवाफमा इरानले साउदी अरब तथा अन्य खाडी मुलुकका ऊर्जा पूर्वाधारलाई निशाना बनाउन सक्ने चिन्ता साउदी पक्षको छ।

युवराजले ट्रम्पसँग इरानविरुद्ध अमेरिकाले चाल्न सक्ने सम्भावित कदमबारे स्पष्ट जानकारी माग गर्नुभएको थियो। ह्वाइट हाउसका एक अधिकारीले दुई नेताबीच वार्ता भएको पुष्टि गरे पनि त्यसको विस्तृत विवरण सार्वजनिक गरेका छैनन्।

यसै साता साउदी अरबले इराकस्थित इरान समर्थित समूहका रसद र हतियार भण्डारणस्थलमाथिको अमेरिकी कारबाहीमा साथ दिएको थियो। साथै, उसले अमेरिका र इरानलाई वार्तामा फर्कन पनि आग्रह गर्दै आएको छ।

युवराजले इरानसम्बन्धी रणनीतिबारे छलफल गर्न आफ्ना भाइ तथा रक्षामन्त्री खालिद बिन सलमानलाई वासिङ्टन पठाउनुभएको थियो। उहाँले ट्रम्प र उपराष्ट्रपति जेडी भान्ससँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो।

यसैबीच, ट्रम्पले मङ्गलबार ह्वाइट हाउसमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग भेटवार्ता गर्नुभएको थियो। फेब्रुअरीमा युद्ध सुरु भएयता उहाँहरूबीच भएको यो पहिलो प्रत्यक्ष भेट हो। नेतान्याहुले इरानविरुद्धको सैन्य अभियानलाई निरन्तरता दिन आग्रह गर्नुभएको थियो।

**निर्वाचनअघि बढ्दो राजनीतिक दबाब**

नोभेम्बरमा हुने अमेरिकी मध्यावधि निर्वाचन नजिकिँदै जाँदा यो युद्ध ट्रम्प प्रशासनका लागि राजनीतिक रूपमा पनि चुनौतीपूर्ण बन्दै गएको छ। विश्व अर्थतन्त्रमा समेत प्रभाव पारेको यो द्वन्द्व अमेरिकी जनमतमा लोकप्रिय छैन।

यसै साताको सुरुमा जोर्डनस्थित अमेरिकी सैन्य अड्डामाथि इरानले गरेको क्षेप्यास्त्र आक्रमण अमेरिकी सेनाले विफल पारेपछि ट्रम्पले कडा जवाफी कारबाही गर्ने चेतावनी दिनुभएको थियो।

शुक्रबार उहाँले 'हामी जित्न चाहन्छौँ' भन्दै आवश्यक परे इरानमाथि 'अत्यन्त कडा' प्रहार गर्ने बताउनुभएको थियो। ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले इरानले युद्धविरामसम्बन्धी समझदारी उल्लङ्घन गर्दै व्यावसायिक जहाज र अमेरिकी सैनिकलाई लक्षित आक्रमण गरेको आरोप लगाउनुभएको छ।

राष्ट्रपति ट्रम्पको पछिल्लो घोषणाअघि अमेरिकी अधिकारीहरू उच्च सतर्कतामा थिए। ट्रम्पले सामाजिक सञ्जालमार्फत अमेरिकी सेना पूर्ण तयारी अवस्थामा रहेको र आवश्यक परे तत्काल कारबाही गर्न सक्षम रहेको बताउनुभएको थियो। यसैबीच, अमेरिकी विदेश मन्त्रालयले इरानसँग बढ्दो तनावलाई मध्यनजर गर्दै मध्यपूर्वका १० देशमा रहेका अमेरिकी नागरिकका लागि उच्च सुरक्षा सतर्कता जारी गरेको छ।

## विश्व समाचार

### गाजामा रातभरको इजरायली आक्रमणमा आठ जनाको मृत्यु

गाजा सहर, १७ साउन (रासस/एएफपी)।

युद्ध अन्त्य गर्ने सम्भावित सम्झौतामा हमासले सहमति जनाएको दाबी गरे पनि गाजामा इजरायली आक्रमण जारी रहेको छ। शनिबार रातभर भएका आक्रमणमा कम्तीमा आठ जनाको मृत्यु भएको स्थानीय अधिकारीले बताएका छन्।

हमासले शुक्रबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रस्ताव गरेको योजनामा सहमति जनाएको थियो। उक्त योजनामा हतियार हस्तान्तरण तथा गाजा क्षेत्रबाट इजरायली सेनाको क्रमिक फिर्तीसम्बन्धी प्रावधान समावेश छन्।

यद्यपि, इजरायलले यसबारे औपचारिक प्रतिक्रिया दिएको छैन। इजरायली राजनीतिक स्रोतलाई उद्धृत गर्दै एएफपीले हमासको 'पूर्ण निःशस्त्रीकरण' नभएसम्म सेनाको कुनै पनि प्रकारको फिर्ती नहुने जनाएको छ। गाजाको नागरिक सुरक्षा निकायका अनुसार रातभर भएका आक्रमणमा विभिन्न आवासीय भवनहरू निसानामा परेका थिए।

मध्य गाजा क्षेत्रमा इजरायली सैन्य हेलिकप्टरले एउटा अपार्टमेन्टमा गरेको आक्रमणमा एक पुरुष र उनकी श्रीमतीको मृत्यु भएको तथा अन्य केही व्यक्ति घाइते भएका नागरिक सुरक्षा प्रवक्ताले बताएका छन्।

गाजा सहरको पश्चिममा रहेको अर्को अपार्टमेन्टमा भएको आक्रमणमा एक वृद्ध र एक बालकको मृत्यु भएको छ। त्यसैगरी, दक्षिणी गाजाको खान युनिसको उत्तर-पश्चिममा रहेको अर्को अपार्टमेन्टमा गरिएको आक्रमणमा एक बालकसहित तीन जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन्।

यसअघि शनिबार भएका छुट्टाछुट्टै आक्रमणमा अन्य आठ जनाको मृत्यु भएको थियो। ती आक्रमणका क्रममा एउटा अस्पतालको चिकित्सा सामग्रीमा क्षति पुगेको र भवनको छतसमेत निसाना बनाइएको अधिकारीहरूले बताएका छन्।

### अत्यधिक गर्मीका कारण हङ्गेरीको आणविक ऊर्जा केन्द्र बन्द हुने

बुडापेस्ट, १७ साउन (रासस/एएफपी)।

ड्यान्युब नदीको पानीको सतह कीर्तिमानी रूपमा घटेपछि हङ्गेरीले ४४ वर्षपछि पहिलो पटक आफ्नो एकमात्र आणविक ऊर्जा केन्द्र बन्द गर्ने भएको छ। प्रधानमन्त्री पिटर म्याग्यारले आइतबार यसबारे जानकारी दिनुभएको हो।

युरोपभर लामो समयदेखि जारी खडेरी र अत्यधिक गर्मीका कारण उत्पन्न ऊर्जा सङ्कटको पछिल्लो प्रभावका रूपमा हङ्गेरीले पाक्स आणविक ऊर्जा केन्द्र बन्द गर्ने निर्णय गरेको हो।

बुडापेस्टको दक्षिणमा रहेको उक्त केन्द्रले सामान्य अवस्थामा हङ्गेरीको करिब एक तिहाइ विद्युत् माग पूरा गर्दै आएको छ। केन्द्रका उपकरण चिस्याउन ड्यान्युब नदीको पानी प्रयोग गरिन्छ। तर मे महिनादेखि वर्षाको कमी र निरन्तरको उच्च तापक्रमका कारण नदीको जलस्तर अत्यधिक घटेको छ।

प्रधानमन्त्री म्याग्यारले सामाजिक सञ्जाल 'एक्स' मा ड्यान्युबको पानीको सतह थप घटेकाले पाक्स केन्द्रका बाँकी दुई उत्पादन एकाइमध्ये एउटालाई आइतबार बिहान बन्द गरिने बताउनुभएको छ।

उहाँका अनुसार यससँगै केन्द्रको उत्पादन क्षमता घटेर २४० मेगावाटमा सीमित हुनेछ र अर्को दिन ४४ वर्षपछि पहिलो पटक केन्द्र पूर्ण रूपमा बन्द गरिनेछ।

यसअघि केन्द्र सञ्चालकले पानीको सतह निरन्तर घटेमा आगामी साताको मध्यसम्ममा पाक्स केन्द्र पूर्ण रूपमा बन्द गर्नुपर्ने अवस्था आउन सक्ने चेतावनी दिएका थिए।

हङ्गेरीको राष्ट्रिय मौसम सेवा 'हङ्गारोमेट'ले आगामी दिनमा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुग्ने अनुमान गरेको छ। बिहीबार तापक्रम ४२ डिग्री सेल्सियससम्म पुग्न सक्ने बताइएको छ, जुन यस गर्मीयामको अहिलेसम्मकै उच्च तापक्रमसँग बराबर हुनेछ।

### चीनमा आकस्मिक बाढीमा परी मृत्यु हुनेको संख्या २५ पुग्यो

बेइजिङ, १७ साउन (रासस/एएफपी)।

उत्तर-पश्चिम चीनमा आएको आकस्मिक बाढीमा परी मृत्यु हुनेको सङ्ख्या २५ पुगेको छ भने २३ जना घाइते भएका छन्। सरकारी सञ्चारमाध्यमले आइतबार सार्वजनिक गरेको विवरणअनुसार घटनाको एक सातापछि मृतकको सङ्ख्या अद्यावधिक गरिएको हो।

जुलाई २६ मा दिनभरका लागि क्याम्पिङ गर्ने पर्यटकमाझ लोकप्रिय 'सुवाङशिमेन सिनिक एरिया'मा अचानक बाढी पसेको थियो। घटनापछि सुरुमा १० जनाको मृत्यु भएको र २३ जना घाइते भएको जानकारी दिइएको थियो।

चिनियाँ समाचार संस्था सिन्ह्वाका अनुसार राष्ट्रिय विपद् रोकथाम आयोगले घटनाको अनुसन्धानको निगरानी गर्ने घोषणा गरेपछि मृतकको अद्यावधिक विवरण सार्वजनिक गरिएको हो।

दक्षिणी गान्सु प्रान्तको पहाडी क्षेत्रमा रहेको सुवाङशिमेन प्राकृतिक ढुङ्गाका तोरण, उच्च पहाडी घाँसे मैदान र पहाडी खोलानालाका लागि परिचित पर्यटकीय क्षेत्र हो।

सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोमा पाल र सवारीसाधन राखिएको उपत्यकाबाट तीव्र गतिमा बाढी बगिरहेको देखिएको थियो।

यस गर्मीयाममा चीन चरम मौसमी घटनाबाट प्रभावित बनेको छ। जुलाई महिनामा हुबेई प्रान्तमा आएको आँधीका कारण कम्तीमा ११ जनाको मृत्यु भएको थियो। त्यस्तै, दक्षिणी ग्वाङसी क्षेत्रमा भारी वर्षापछि बाँध भत्किँदा छ जनाको मृत्यु भएको र एक लाख ३० हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो।

यसैगरी, गान्सु प्रान्तकै दाङचाङ काउन्टीमा गएको पहिरोमा परी जुलाईमा २१ जनाको मृत्यु भएको थियो।

# गृहमन्त्री गुरुङसहितको सरकारी टोली र हिन्दूवादी प्रतिनिधिबीच १३ बुँदे सहमति

जनकपुरधाम,१७ साउन (रासस)। गृहमन्त्री सुधन गुरुङसहितको सरकारी वार्ता टोली र हिन्दूवादी सङ्गठनका प्रतिनिधिहरूबीच १३ बुँदे सहमति भएको छ।

जिल्ला प्रशासन कार्यालय धनुषामा शनिबार राति सम्पन्न वार्तामा १३ बुँदे सहमति भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिनुभयो। वार्तामा आन्दोलनरत् हिन्दू सम्राट सेनालगायतका संयुक्त हिन्दू मोर्चाले धार्मिक सद्भाव, सामाजिक शान्ति र राष्ट्रिय पहिचानसँग सम्बन्धित विषय उठाउँदै १३ बुँदे मागपत्र पेस गरेको थियो। सोही मागपत्रका आधारमा सहमति भएको जनाएको छ।

सहमतिअनुसार नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्ने विषयमा तीन महिनाभित्र सर्वदलीय छलफल प्रक्रिया अगाडि बढाउने, धार्मिकस्थलमा हतियार प्रदर्शन तथा उत्तेजक गतिविधि नियन्त्रण गर्न, मठमन्दिर, मस्जिद, गुम्बा र चर्चलगायतका धार्मिकस्थलमा जडान गरिएका लाउडस्पिकर तथा ध्वनि विस्तारक उपकरणको प्रयोगलाई व्यवस्थित गरिने, आवश्यक धार्मिक गतिविधिमा सीमित ध्वनि प्रयोगको व्यवस्था मिलाइने सहमति भएको छ।

यस्तै, धार्मिकस्थलमा बसोबास गर्ने व्यक्तिहरूको अभिलेखीकरण गर्न, विदेशी नागरिक भए सम्बन्धित निकायमार्फत निगरानी र व्यवस्थापन गर्न तथा सामाजिक सञ्जालमार्फत धार्मिक, साम्प्रदायिक वा जातीय द्वेष फैलाउने व्यक्तिमाथि कानुनी कारबाही गरिने, सुनसरीको देवानगन्ज घटनापछि पक्राउ परेकाहरूको मुद्दा पुनरावलोकन गरी आवश्यक निर्णय लिन, आन्दोलनका क्रममा घाइते भएकाहरूको उपचार तथा स्वास्थ्य सेवाको व्यवस्था गर्न र धार्मिक आयोगहरूको औचित्य, आवश्यकता तथा कानुनी आधारको पुनरावलोकन गरिने सहमति भएको उल्लेख छ।

त्यसैगरी, आन्दोलनमा सहभागी नागरिकहरूको सुरक्षा सुनिश्चित गरिने, नेपाली नागरिकता वितरण प्रक्रियाको छानबिन गरी विदेशी नागरिकसँग सम्बन्धित विषयमा कानुनी प्रक्रिया अघि बढाउन तथा मदरसा, मस्जिद र अन्य धार्मिक संस्थामा प्राप्त हुने विभिन्न स्रोतको आर्थिक अनुगमन गरिने, धार्मिक संस्थामा आउने आर्थिक स्रोतको पारदर्शिता कायम गर्न र आवश्यक परे नियमन तथा कारबाही प्रक्रिया अगाडि बढाउने सहमति भएको छ।

वार्तामा गृहमन्त्री गुरुङ, मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादव, मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराई, गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो, प्रतिनिधिसभा सदस्य मनिष झा, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह तथा हिन्दू सम्राट सेनालगायतका हिन्दूवादी सङ्गठनका प्रतिनिधिलगायत सहभागिता रहेको थियो।

# २४ घण्टामा एक जनाको मृत्यु, २० जना घाइते

काठमाडौँ, १७ साउन (रासस)। मनसुनजन्य विपद्का कारण पछिल्ला २४ घण्टामा एक जनाको मृत्यु भएको छ भने २० जना घाइते भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए)का अनुसार शुक्रबार बिहान १०:००देखि शनिबार बिहान १०:०० बजेसम्म देशका २५ जिल्लामा ३४ वटा विपद्का घटना भएका छन्। ती घटनामध्ये एकमा सर्पले डस्दा एक जनाको मृत्यु भएको र २० जना घाइते भएका हुन् ।

उक्त अवधिमा सर्पदंशका १४, आगलागीका ११, पहिरोका छ र जनावर आक्रमणका तीन घटना भएका छन्। ती घटनाबाट रु २७ लाख २५ हजार बराबरको अनुमानित क्षति भएको छ। साथै, दुई स्थानमा सडक अवरुद्ध भएको र १८ चौपायाको क्षति भएको छ।

यसैबीच, प्राधिकरणले गत वैशाख १ देखि आइतबार बिहानसम्म देशभर चार हजार ५३ वटा विपद्का घटना भएका, ती घटनामा १९६ जनाको मृत्यु, चार जना बेपत्ता र एक हजार २९१ जना घाइते भएका जनाएको छ। विपद्बाट पाँच हजार १८८ परिवार प्रभावित भएका छन्।

# माथिल्लो जुनबेँसी आयोजनाको प्रसारण लाइनबारे सुझाव माग

काठमाडौँ, १७ साउन (रासस)। सोलुखुम्बुको माथिल्लो जुनबेँसी खोला जलविद्युत् आयोजनाको विद्युत् प्रसारण लाइन निर्माणका लागि आवश्यक वातावरणीय अध्ययनको सन्दर्भमा विद्युत् विकास विभागले सार्वजनिक सूचना प्रकाशित गरेको छ।

विभागले आइतबार एक सूचनामार्फत सोलुखुम्बु जिल्लाको सोलुदूधकुण्ड नगरपालिका-२ मा निर्माणाधीन ५.५७५ मेगावाट क्षमताको माथिल्लो जुनबेँसी खोला जलविद्युत् आयोजनाको स्विचयार्डदेखि वडा नं ३ मा निर्माणाधीन तल्लो दूधकुण्ड खोला जलविद्युत् आयोजनाको स्विचयार्डसम्म ८.४७ किलोमिटर ३३ केभी डबल सर्किट प्रसारण लाइन तथा त्यहाँबाट जुनबेँसी हब पुलिङ स्टेसनसम्म ४.७१ किलोमिटर १३२ केभी सिङ्गल सर्किट प्रसारण लाइन निर्माण गरिने जनाएको छ।

प्रवर्द्धक कम्पनी गोर्खाज हिमालयन हाइड्रो लिमिटेडले विद्युत् नियमावली, २०५० बमोजिम प्रसारण लाइन निर्माणको अनुमति माग गरेपछि प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) प्रतिवेदन तयार गरिएको विभागले जनाएको छ। प्रतिवेदनअनुसार आयोजना निर्माण तथा सञ्चालनबाट उल्लेखनीय प्रतिकूल वातावरणीय असर पर्न सक्ने भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित व्यक्ति वा संस्थाले लिखित राय-सुझाव दिन सक्नेछन्।

प्रस्तावित प्रसारण लाइनको कुल लम्बाइ १३.१८ किलोमिटर रहनेछ। यसका लागि ३३ केभी प्रसारण लाइनमा २०९ वटा स्टिल ट्युबुलर पोल तथा १३२ केभी प्रसारण लाइनमा दुईवटा टावर निर्माण गरिनेछ। आयोजनाका लागि स्थायी रूपमा करिब ०.५ हेक्टर र अस्थायी रूपमा करिब ०.५३ हेक्टर जग्गा आवश्यक पर्ने उल्लेख गरिएको छ। प्रसारण लाइनको अधिकार क्षेत्र (राइट अफ वे) अन्तर्गत करिब ९.६६ हेक्टर जग्गा पर्नेछ।

विभागका अनुसार ३३ केभी प्रसारण लाइनका लागि न्यूनतम ६.६२ मिटर र १३२ केभी प्रसारण लाइनका लागि १८ मिटर अधिकार क्षेत्र कायम गरिनेछ। प्रसारण लाइन निर्माण तथा सञ्चालनका क्रममा विद्युत् ऐन, २०४९ र प्रचलित वातावरणीय मापदण्डअनुसार भू-क्षय, बाढी तथा वायु प्रदूषणजस्ता प्रभाव न्यूनीकरण गर्दै आयोजना कार्यान्वयन गरिने छ।

# करदाता प्रोत्साहन पोर्टल सञ्चालनमा

काठमाडौँ, १७ साउन (रासस)। आन्तरिक राजस्व विभागले करदाता प्रोत्साहन उपहार कार्यक्रममा सहभागी हुन उपभोक्ताहरूलाई आह्वान गरेको छ। विभागले शनिबार सूचना जारी गर्दै विभागले नगद कारोबार गरेका उपभोक्ताहरूलाई आफ्नो सक्कल बिल दर्ता गराउन आग्रह गरेको हो।

विभागका उपमहानिर्देशक जनकराज शर्माका अनुसार साउन १ गते यता रु १०० भन्दा बढीको वस्तु वा सेवा नगदमा खरिद गरी सक्कल प्यान तथा भ्याट बिल लिएका उपभोक्ता करदाता प्रोत्साहन कार्यक्रममा सहभागी हुन पाउँछन्।

"हामीले प्राइज डट आइआरडी डट जिओभी डट एनपी नामक नयाँ वेबसाइट शनिबारदेखि सञ्चालनमा ल्याएका छौँ", उपमहानिर्देशक शर्माले भन्नुभयो, "नगद भुक्तानी गरी स्व-प्रयोजनका लागि नेपालभित्र एक पटकमा रु १०० भन्दा बढी मूल्यको वस्तु तथा सेवा खरिद गर्ने बीजक लिएका योग्य उपभोक्ताहरूले वेबसाइटमा गएर आफ्नो बिल अपलोड गर्न सक्नुहुन्छ।"

क्युआरमार्फत गरिने कारोबार प्रणालीमार्फत नै उपहार कार्यक्रमको प्रणालीमा समावेश गरी सकिएकाले उनीहरूले अहिले बिल प्रविष्ट (इन्ट्री) गर्नु नपर्ने पनि विभागले स्पष्ट पारेको छ। विभागका अनुसार बैंक तथा वालेटको क्युआरमार्फत रु १०० भन्दा बढीको वस्तु तथा सेवा खरिद गरेका उपभोक्ताहरूले अहिले बिल दर्ता गराउनुपर्देन।

क्युआरबाट पैसा तिरेको कारोबार डाउनलोड गरेर राख्ने र सोही ट्रान्स्याक्सन नम्बर नै उपहारका लागि विभागको प्रणालीमा प्रविष्ट भइसकेकाले उक्त नम्बर नै उपहारका लागि योग्य हुनेछ। उपहार घोषणापछि सक्कल बिल अनिवार्य हुने भएकाले बिलहरू भने सुरक्षित राख्न विभागले सबै उपभोक्ताको ध्यानाकर्षण गराएको छ।

विभागले आफूले गरेको खरिदको सक्कल भ्याट तथा प्यान बिल माग्न र बिल नपाएको खण्डमा विभागमा जानकारी गराउन उपभोक्तालाई आग्रह गरेको छ। विभागले साउन १ गतेदेखि लागू गरेको करदाता प्रोत्साहन कार्यक्रमको पहिलो १५ दिनको नतिजा आगामी साता सार्वजनिक गर्ने तयारी गरेको छ।

"प्राविधिक हिसाबले हामी तयारी अवस्थामा छौँ। कुनै ठूलो प्राविधिक समस्या नआए आगामी साता पहिलो १५ दिनको (हरेक दिनको रु एक लाखका दरले १५ जना विजेता र १५ दिनको बम्पर रु १० लाखका विजेता एक जना) नतिजा घोषणा गर्न सक्ने अवस्थामा छौँ", विभागले भनेको छ। आर्थिक वर्ष २०८३/८४ को बजेटमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले करदातालाई कर प्रणालीमा ल्याउन र बिल लिने संस्कृतिको विकास गर्न करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन गर्ने घोषणा गर्नुभएको थियो।

सोही घोषणाअनुसार मन्त्रालयले असार अन्तिम साता उपहार सञ्चालन कार्यविधि स्वीकृत गरेको थियो। कार्यविधिअनुसार हरेक दिन एक जना उपभोक्तालाई कर कट्टी गरेर रु एक लाख नगद र हरेक १५-१५ दिनमा (महिनाको दुई जनालाई) बम्पर उपहार स्वरूप रु १० लाख नगद प्रदान गरिने उल्लेख छ।

## *हुलाकी राजमार्ग ...*

प्रतिशतभन्दा बढी सडक कालोपत्र भएको छ।

यहाँस्थित हुलाकी राजमार्ग निर्देशनालयका अनुसार सिरहादेखि सर्लाहीसम्मको ४०६ दशमलव ४३ किलोमिटरमध्ये ३४७ दशमलव ६३ किलोमिटरमा कालोपत्र भएको छ। धनुषामा तीन, सर्लाहीमा सात, महोत्तरीमा तीन र सिरहामा तीन गरी १९ वटा पुल निर्माणको अन्तिम चरणमा पुगेका छन्। कालोपत्र गर्न बाँकी ५८ दशमलव ८ किलोमिटर सडकमध्ये १२ दशमलव ८ किलोमिटर सडकको ठेक्का प्रक्रिया प्रारम्भ भएको छ।

चालु आर्थिक वर्षमा परियोजना पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको कार्यालय प्रमुख कृष्णकुमार महतोले राससलाई बताउनुभयो। सिरहामा २९ दशमलव ९८, महोत्तरीमा ९१ दशमलव ५६,सर्लाहीमा १५१ दशमलव ५१ किलोमिटर निर्माण भएको छ। निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम हुलाकी राजमार्ग एक हजार ७९२ किलोमिटर लामो हुनेछ।

# प्रकाश मानवअधिकार पुरस्कार खड्कालाई प्रदान

काठमाडौँ, १७ साउन (रासस)। यस वर्षको 'प्रकाश मानव अधिकार पुरस्कार' शोषण तथा विभेदमुक्त समाज निर्माणको अभियानमा सक्रिय रुद्रबहादुर खड्कालाई प्रदान गरिएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा शनिबार ललितपुरमा आयोजित कार्यक्रममा सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले उहाँलाई सो पुरस्कार प्रदान गर्नुभयो।

उक्त पुरस्कारको राशि रु ५० हजार रहेको छ। इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलको संयोजकत्वमा गठित तीन सदस्यीय समितिले खड्कालाई उक्त पुरस्कारबाट सम्मानित गर्ने निर्णय गरेको थियो।

मानव अधिकार उल्लङ्घन, अन्याय, विभेद, दण्डहीनता तथा सामाजिक बहिष्करणका घटनालाई निरन्तर उजागार गर्दै आउनुभएको खड्का शारीरिक अशक्तताका बीच पनि मानव अधिकार र सामाजिक न्यायका क्षेत्रमा दुई दशकदेखि क्रियाशील हुनुहुन्छ।

नेपालको मावन अधिकार र सामाजिक न्यायको क्षेत्रमा इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेले पुऱ्याउनुभएको योगदानको स्मरण गर्दै सो पुरस्कार प्रदान गर्दै आइएको आयोजकले जनाएको छ। संस्थापक महासचिव काफ्लेको २०४९ साउन १६ गते नुवाकोटको घोप्टेभिरमा भएको थाई एयर दुर्घटनामा निधन भएको थियो।

यसअघि सो पुरस्कारबाट वरिष्ठ पत्रकार स्व विनयकुमार कसजु, वरिष्ठ समाजसेवी स्व दयावीरसिंह कंसाकार, डा गौ॰ रीशङ्करलाल दास, दलित अधिकारकर्मी रामरतिदेवी राम, महिला अधिकारकर्मी वसन्तीदेवी झालगायत ३१ जना सम्मानित भइसक्नुभएको इन्सेकका संस्थापक अध्यक्ष प्याकुरेलले जानकारी दिनुभयो।

सो अवसरमा वरिष्ठतम न्यायाधीश मल्लले संविधानले निर्धारण गरेको सीमाभित्र रहेर राज्यका संरचनालाई बलियो बनाउनुपर्नेमा जोड दिँदै आमनागरिकले सहजै प्राप्त गर्ने न्यायबाट मात्रै लोकतन्त्रको मूल्याङ्कन गर्न मिल्ने बताउनुभयो।

कार्यक्रममा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी र इन्सेकका संस्थापक अध्यक्ष प्याकुरेलले मानवअधिकार, सामाजिक न्याय र संवैधानिक अधिकारका बारेमा चर्चा गर्नुभयो।

# एक हजार ३३ किलो गाँजासहित मिनिट्रक चालक पक्राउ

**दैनिक समाचारदाता**
**मोरङ, १७ साउन।** मोरङको रतुवामाई नगरपालिका-१० सोमबारेबाट एक हजार ३३ किलो ४८४ ग्राम गाँजासहित धनकुटाको पाखीबास नगरपालिका-९ हिलेका २८ वर्षीय उमेश तामाङलाई पक्राउ गरिएको छ।

इलाका प्रहरी कार्यालय सिजुवासहितको प्रहरी टोलीले उर्लाबारीबाट आमबारीतर्फ जाँदै गरेको को १ख४३७३ नम्बरको मिनिट्रक जाँच गर्ने क्रममा ट्रकमा रहेका ३१ वटा पोकाबाट उक्त परिमाणको गाँजा शनिबार बरामद गरेको हो।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np